सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सुन्दरबजार ,लमजुङ

# आर्थिक बर्ष २०७९/८० को बार्षिक प्रगति
# तथा
# समिक्षा कार्यक्रम

सुन्दरबजार नगरपालिकाको कार्यालय
द.नं. : ३२१
मिति २०८०/०५/५ गते

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

आयोजक :

सुन्दरबजार नगरपालिकाको कार्यालय

मिति :-२०८०/०४/३० र ३१ गते

तयार पार्ने:
मनहरी सोती
सामाजिक परिचालक

## यस प्रतिवेदनमा

१.आर्थिक बर्ष २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन तथा समिक्षा कार्यक्रम

२.गैर स.स.हरुको आर्थिक वर्ष २०७९/०८० मा यस नगरपालिको समिक्षा गोष्ठिमा उपस्थित भएको मान्यूट

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सुन्दरबजार ,लमजुङ

# आर्थिक बर्ष २०७९/८० को बार्षिक प्रगति तथा समिक्षा कार्यक्रम

आयोजक :

सुन्दरबजार नगरपालिकाको कार्यालय

मिति :-२०८०/०४/३० र ३१ गते

परिचयः

सुन्दरबजार नगरपालिका गण्डकी प्रदेशको लमजुङ जिल्ला भित्र रहेका ८ बटा स्थानीय निकायहरु मध्ये एक अतिनै सुन्दर साथै धार्मिक ऐतिहासिक बोकेको परिचित नगरपालिका हो । देशमा आएको लोकतान्त्रिक गणतन्त्रको आगमन पश्चात् लमजुङ जिल्लालाई सेवा ग्राहिहरुलाई सेवा प्रवाह गर्दा सरलता पुग्ने हिसावले स्थानीय निकायहरु निर्माण गरिएको मा यस नगरपालिका मिति २०७१ म साविकका ५ बटा गाँउ विकास समिति र २०७२ सालमा थप ४ गाँउ विकास समिति मिलाई सुन्दरबजार नगरपालिका निर्माण गरिएको हो । यस नगरपालिकाको क्षेत्रफल ७२.०३ वर्ग किलो मिटरमा फैलिएर रहेको छ । यस नगरपालिकाको कुल जनसख्या जनगणना २०७८ अनुसार ३०७८५ रहेको छ । यस नगरपालिका भित्र हाल ११ बटा वडाहरु रहेका छन् ।

आर्थिक वर्ष २०७९/८० मा यस कार्यालयले तथा गैर सरकारी संस्थाहरुले नगरपालिका भित्र रहेका ११ बटा बडाहरुमा छिरलियर रहेका सेवाग्रहिहरुलाई सेवा प्रबाह गर्दा समानरुपमा भौतिक तथा सामाजिक सेवा प्रवाह भएको छ कि छैन भनि प्रत्येक वर्ष बार्षिक प्रगति तथा समिक्षा कार्यक्रम संचालन गरिने परम्परा रहेको छ । सोही क्रममा यस बर्ष मिति २०८०/४/३० , ३१ गते नगर प्रमुख श्री कृष्ण प्रशाद कोईरालालाको अध्यक्षतामा समिक्षा कार्यक्रम संचालन गरियो । कार्यालयले सेवा प्रवाह गर्ने क्रममा नगरवासिहरुलाई दिईको सेवा, सेवाग्राहिहरुको सुझवब, गुनासो र जिज्ञासा बुझि आउदो आर्थिक बर्षमा अझ सरल, सुलभ ,छिटोछरितो तवरले सेवा दिने उद्धेश्यले यो कार्यक्रम संचालन गरिने गरिन्छ । यस समिक्षा कार्यक्रमको प्रतिवेदन यस प्रकार रहेको छ ।

उद्धेश्यहरु :

१.बार्षिक प्रगति तथा समिक्षा कार्यक्रममा देखा परेका समस्या ,चुनौती , कमजोरीहरु आगामि आर्थिक बर्षहरुमा समाधान गर्दै सेवाग्रहि नगरवासिहरुलाई छिटोछरितो सेवा पुर्‍याउने ।

२.यस नगरपालिकाले आर्थिक बर्ष २०७९/८० मा गरेका सामाजिक,आर्थिक साथै भौतिक पूर्वाधार क्षेत्रमा गरिएको कामको बिसयगत साखाहरुले प्रस्तुतिकरण गरि जानकारी गराउने ।

३. यस नगरपालका भित्र कार्यरत गैर सरकारी संस्थाहरुले गरेका कामहरु बारे जानकारी गराउने ।

४.वडा नं १ देखि ११ सम्म रहेका वडा कार्यालयहरुले पुर्‍याएको सेवा सुविधा जानकारी गराउने ।

५. सरकारी तथा गैर सरकारी कार्यालयहरुले सेवा प्रवाहगर्दा देखापरेका समस्या ,समाधानका उपाय तथा उल्लेखनिय कार्य प्रस्तुतिकरण गर्ने ।

स्थान : नगरपालिकाको सभाहल

समय :बिहान १०.३० बजे देखि साझ ५.०० सम्म

कार्यक्रम संचालक :मनहरी सोती सामाजिक परिचालक

सहभागिहरु

कार्यक्रमको अध्यक्ष : श्री कृष्ण प्रसाद कोईराला नगर प्रमुख सुन्दवजार नगरपालिका

बिशिष्ठ अतिथि : श्री भवानी के.सी नगर उप प्रमुख सुन्दरबजार नगरपालिका

अथिति :श्री शिशिर पौडेल प्रमुख प्रशासकीय अधिकृत सुन्दवजार नगरपालिका

अथिति : श्री ठाकुर जि तिवारी उप सचिव सुन्दरबजार नगरपालिका

अतिथि :सबै वडा अध्यक्षहरु

वडा नं १ देखि ११ वडाहरुका वडा अध्यक्षहरु

कार्यपालिकाका सदस्यहरु

कार्यालय भित्रका शाखा प्रमुखह

यस सुन्दरबजार नगरपालिका भित्र कार्यरत गैससहरुका प्रतिनिधिहरु

वडा नं १देखि ११ सम्मका वडा सचिवहरु

नगरपालिकाका अन्य प्रविधिक तथा अन्य कर्मचारीहरु

उद्घाटन शत्र

सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोईराला द्धारा कार्यक्रमको व्यानर पठी राष्ट्रिय धुनको साधमा कार्यक्रम उद्घाटन ।

सहभागिहरुलाई स्वागत श्री शिशिर पौडेल प्रमुख प्रशासकी :

कार्यक्रमको उद्धेश्य बारे जानकारी -उप सचिव श्री ठाकुर जी तिवारी सामाजिक विकास शाखा प्रमुख

कार्यक्रमको प्रस्तुती करण

जन स्वास्थ्य शाखा प्रमुख - श्री परमेश्वर पिया

आयुर्वेद औषधालय शाखा - श्री सुनिल कुमार झा

शिक्षा शाखा -श्री ठाकुर जि तिवारी सामाजिक विकास शाखा प्रमुख /उप सचिव

महिला बिकास तथा बालबालिका शाखा प्रमुख -श्री निर्मला पण्डित

पंजिकरण शाखा श्री सन्तोष पोखरेल

पशु विकास शाखा -श्री लोकराज कोइराला

कृषि विकास शाखा -सुरेश अधिकारी

योजना शाखा -कृषिराम पौडेल

प्राबिधिक शााखा - इन्जिनियर विदुर सुवेदी

सहकारी शाखा प्रमुख -राजिव घिमिरे

प्रशासन शाखा - बिवेक कुमार पण्डित

लेखा तथा राजश्व शाखा -श्री नरेन्दराज घिमिरे

वडा नं १ देखि ११ सम्मको सम्वन्धित वडा अध्यक्षहरुबाट

गैर सरकारी संस्थाहरुबाट

उत्पीडित कल्याण केन्द्र , लमजुङबाट -सूर्य बहादुर बुढाथोकी

च्वाईस नेपाल -गोविन्द मौरती

लुमन्ति -ई उज्जल अधिकारी

चेम्मर अफ कर्मस -बिष्णु कुमार श्रेष्ठ

उद्योग बाणिज्य संघ इकाई कार्यालय सुन्दरबजार -दण्ड बहादुर सुनार

जिभाय पोखरा -एलिजा थापा

उद्योग बाणिज्य संघ इकाई कार्यालय भोटेओडार -मानकृष्ण आचार्य

छलफल कार्यक्रम :

२० जना सहभागिहरुले लगभग ३५ बटा प्रश्न बिभिन्न सरकारी तथा गैर सरकारी कार्यालयका शाखा प्रमुखहरु मथि उठाउनु भएकोमा सम्वन्धित शाखा प्रमुखले आफ्नो बिषय सगँ सम्बन्धित प्रश्नहरुको

उत्तर दिदै आउदाँ बर्षहरुमा अझ प्रतक्षरुपमा सहयोग पुग्ने कार्यक्रम निर्माण गरि लगिने प्रतिवद्धता जाहेर गर्नु भयो ।

समापन कार्यक्रम

श्री शिशिर पौडेल प्रमुद प्रशासकीय अधिकृत

समिक्षा कार्यक्रममा देखिएका राम्रापक्षहरुलाई निरन्तरता ,समस्याहरुको समाधान , सवैको सहयोग लिई कार्यक्रम सेवाग्राहि बिच लगिने बारे जानकारी गराउनु भयो ।

बिशिष्ठ अथिति :उप प्रमुख श्री भवानी के.सी.

कार्यालयका शाखा तथा गैससले संचालन गरेका कार्यक्रमहरुको अनुगमन बढाउने ,राम्रोपक्षलाई निरन्तरता ,कमजोर पक्षको सुधार गर्दै लगिनुपार्ने सल्लाहा दिनुभयो ।

नगर प्रमुख श्री कृष्ण प्रसाद कोईराला द्धारा आफ्ना केही भनाईहरु राख्तै कार्यक्रमको समापन गर्नुभयो ।

# २०७९/८० को समीक्षा प्रतिवेदन

Date: ....................

Page: ....................

आज मिति २०८०/०४/२० र २१ गतेका दिन सुन्दरबजार नगरपालिकाका प्रमुख श्री कृष्ण प्रसाद कोइरालाको अध्यक्षतामा आर्थिक वर्ष २०७९/०८० को वा... प्रगति तथा समीक्षा कार्यक्रममा उपस्थित सहभागीहरुको उपस्थिति तपसि... बमोजिम रहेको छ।

तपसिल.

- श्री कृष्ण प्रसाद कोइराला - प्रमुख सुन्दरबजार नगरपालि...
- श्री भवानी के.सी. . उप प्रमुख सुन्दरबजार नगरपा...
- श्री दिवाकर पौडेल . प्रमुख प्रशासकीय अधिकृत
- श्री शंकर जी तिवारी . उप सचिव
- श्री कुर्न बहादुर गुरुङ . अध्यक्ष वडा नं - १
- श्री नवीन कुमार श्रेष्ठ " " २
- श्री अमृत न्यौपाने " " ३
- श्री कृष्ण प्रसाद अधिकारी " ४
- श्री कुमो गुरुङ " ५
- श्री हितेश बाब कोइराला " ६
- श्री जयराम रेग्मी " ७
- श्री विजेन्द्र थापा " ८
- श्री मतराज गुरुङ " ९
- श्री चिरञ्जीव ढकाल " १०
- श्री ओम बहादुर दुरा " ११
- श्री राधा मल्ल कार्यपालिका सदस्य कु.न.पा.
- श्री इन्द्र अधिकारी " " "
- श्री भगवती देवी विष्ट कार्यपालिका सदस्य कु.न.
- श्री राधिका भट्टराई अधिकारी " "
- श्री सुकमाया गुरुङ, कार्यपालिका सदस्य कु.न.पा.
- श्री कृष्ण बहादुर राना " " "
- श्री राजेन्द्र विष्ट कार्यपालिका सदस्य "
- श्री बिल बहादुर क्षेत्री " "
- ~~श्री सर्मिला ढकाल~~ " "
- ~~श्री तिलकचन्द्र अधिकारी~~ " "
- श्री विवेक कुमार पाण्डेय . शाखा अधिकृत कु.न.पा.

Date: ..............................
Page: ..............................

श्री गदाधर राम पौडेल योजना शाखा प्रमुख
श्री सुरेश प्रसाद आचार्य प्र.वि. विकास शाखा
श्री रघुनाथ अधिकारी कृषि अधिकृत
श्री निर्मला पौडेल म. वि. अ.
श्री सुनील कुमार झा आयुर्वेद शाखा
श्री निरज सापकोटा स्वास्थ्य शाखा
श्री कृष्ण कार्की ,,
श्री राधिके घिमिरे, सहकारी शाखा
श्री शेयरसिंह कार्की नगर सभा सदस्य
श्री लक्ष्मी न्युनी उद्यम विकास सहजकर्ता
श्री मिना महत // — // — //
निर्मल न्यौपाने – सवारी चालक
~~बिमल शर्मा – सवारी चालक~~
किसान किसान कुँवर का. स
भद्री बोली
सन्तोष पोखरेल
पुष्पा पुरी
हरि प्रसाद कुमल
विकास कोइराला
बिदुर मुडेली
दिल बहादुर तमाङ
ई. प्रदिप केसी ज. शा.
भिर का डुरो को लो QKC
पदमनाथ पौडेल ,,
सुमन न्यौपाने
सुशिला थापा का.स
शिवहरि मिश्र

निर्णय नं. १.

सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको कार्यालय द्वारा आयोजित आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रगति तथा समिक्षा कार्यक्रममा प्रत्येक वडाहरुको, कार्यालयको शाखाहरुको साथै गैर सरकारी संघ/संस्थाहरुको प्रगति बारे समिक्षा कार्यक्रममा छलफल गरियो।

निर्णय नं. २.

वार्षिक प्रगति तथा समिक्षा कार्यक्रममा देखापरेका समस्याहरु, चुनौतिहरु आगामी आर्थिक वर्षहरुमा समाधान गर्दै ~~विकास~~ विकास निर्माणका योजनाहरु गुणस्तरिय बनाउने, सार्वजनिक खरिद प्रक्रियालाई थप सबल बनाउने, आर्थिक मितव्ययितामा ध्यान दिने सूचनाको हक नागरिकको पहुँचमा पुर्‍याउने, नवीनतम सूचना प्रणालीलाई थप प्रभावकारी गर्ने, अनुगमन नियमन चुस्त दुरुस्त गर्ने नं.पा. द्वारा प्रदान गरिने सम्पूर्ण सेवालाई छिटो छरितो पारदर्शी र जनमैत्री बनाउने निर्णय गरियो।

२०७९/४/३१

Date : ..................
Page: ..................

आज मिति २०८०।०२।१३ गते शुक्रबारका दिन सुन्दरबजार नगरपालिका प्रमुख श्री कृष्ण प्रसाद कोईरालाको अध्यक्षतामा यस पालिका भित्र संचालनमा रहेका गैह स स हरुले आर्थिक वर्ष २०८०।८१ का लागी संचालित गरिने योजना तथा बजेट सम्बन्धि अन्तर क्रिया कार्यक्रमको उपस्थिति तपशिल बमोजिम रहेको छ।

तपशिल

श्री कृष्ण प्रसाद कोईराला - प्रमुख सुन्दरबजार नगरपालिका
श्री भवानी कैन्सी - उप प्रमुख सुन्दरबजार नगरपालिका
श्री शिशिर पौडेल - प्रमुख प्रशासकीय अधिकृत सुन्दर.न.पा
श्री ठाकुर जी तिवारी - उप सचिव सा.वि शाखा सुन्दर.न.पा
श्री कविन राज पौडेल यो.शा.प्र
श्री विवेक कुमार पण्डित - अधिकृत सु.न.पा
सूर्य बहादुर बुढाथोकी उत्पीडित कल्याण केन्द्र लमजुङ
गोविन्द घिमिरे (कृषि प्राविधिक) (चबकम नेपाल)
ई. उज्ज्वल अधिकारी - लुमन्ति - आवास संयोजक
विजय कुमार श्रेष्ठ - कार्यक्रम संयोजक चेतना विकास
[illegible]
रन्जिना थापा निर्माण, पोखरा
कृष्ण प्रसाद आचार्य निर्माण पोखरा
कमला प्रसाद अधिकारी १२५ अध्यक्ष सुन्दरबजार
भगवती देवी [illegible] [illegible]
राजिव घिमिरे, सहायक पाँचौं
सुरेन्द्र पोखरेल " "
बिदुर सुवेदी, इन्जिनियर
मनोज [illegible]
सृजन सापकोटा
किशोर कुमार [illegible]
माधव राज [illegible]
सुशीला [illegible]
पद्म पति पौडेल
लक्ष्मण लौडारी

सम्पर्क -


सुन्दरबजार नगरपालिका
लोचन









# वार्षिक समिक्षा कार्यक्रम २०७९/८०

## सुन्दरबजार नगरपालिका

## सुन्दरबजार लमजुङ

प्रस्तुतकर्ताको नाम थर :शिशिर पौडेल

# आ.व २०७९/८० को वित्तीय विवरण

- आ.व २०७९/८० को लागि कुल विनियोजित बजेट रु ७४ करोड ९० लाख ४७ हजार ८३ मा चालु तर्फ रु ४४ करोड ९६ लाख ४ हजार १ सय २३ र पुजीगत तर्फ रु १६ करोड ३८ लाख ६ हजार ५० रुपैंया खर्च भएको छ ।
- कुल विनियोजित बजेट मध्ये आन्तरिक श्रोत जम्मा रु १ करोड ५१ लख ५४ हजार २८ रहेको छ ।
- राजस्व बाँडफाँड तर्फ संघ सरकारबाट रु ६ करोड २८ लाख ३९ हजार ८ सय १ र प्रदेश सरकारबाट रु १ करोड १० लाख ८० हजार प्राप्त भएको छ ।
- संघ सरकारबाट रु ११ करोड ४४ लाख ५ हजार र प्रदेश सरकारबाट १ करोड २० लाख ६३ हजार ७ सय ५० वित्तिय समानीकरण अनुदान रकम प्राप्त भएको छ ।

- शसर्त अनुदान तर्फ संघ सरकारको रु ३३ करोड ५३ लाख ६४ हजार ७ सय पचास र प्रदेश सरकारको रु ३९ लाख ८४ हजार प्राप्त भएको छ ।

- विशेष र समपुरक अनुदान तर्फ संघ सरकारबाट रु १ करोड ३३ लाख ३६ हजार ८ सय ८७ र प्रदेश सरकारबाट रु ७४ लाख ९३ हजार प्राप्त भएको छ ।

- गत वर्षको अल्याबाट नगरपालिकाले रु ६ करोड ७४ लाख बजेटमा समावेश गरेको छ ।

# नगरपालिकाले बोलपत्रबाट संचालन गरिएका योजनाहरु:

१. राष्ट्रिय योजना आयोगको विशेष अनुदानमा रु ५५ लाख ३ हजार ९ सय ४५ मा सम्झौता भई भोटेवडार आँखा उपचार केन्द्र निर्माण सम्पन्न भएको छ।

२. नगरपालिकाको आन्तरिक श्रोतबाट रु ९० लाखमा प्रमुख प्रशासकीय भवन कम्पाउण्ड निर्माण सम्पन्न भएको छ।

३. गण्डकी प्रदेश सरकारको समपुरक अनुदानमा रु ६५ लाख ३ हजार ४ सय ४५ मा मातृभूमि क्याम्पस, सुन्दरबजार अस्पताल, रमाईलो मर्स्याङ्दी पर्यटन केन्द्र सडक कालोपत्रे र ढलान सम्पन्न भएको छ।

४. राष्ट्रिय योजना आयोगको समपुरक अनुदान अन्तर्गत रु ५४ लाख ४३ हजार २९९ भारती सदन लिंगेडाँडा रामदी सडक स्तरोन्नती भएको छ।

५.  नगरपालिकाको आन्तरिक श्रोतबाट रु ७० लाखमा पाउँदी तिलक स्मृति गेट सम्म सडक ढलान र कालोपत्रे सम्पन्न भएको छ।

६. प्रदेश सरकारको विशेष अनुदानमा रु ४० लाखमा ल्याण्डफिल साइट सडक पूर्वाधार अन्तर्गत ल्याण्डफिल्ड जाने सडक २०० मिटर कालोपत्रे भएको छ।

७. सडक बोर्डको सहयोगमा रु ४९ लाख र नगरपालिका ४० लाख ३० हजार ३३७) सिउँडिवारदेखि कृषि क्याम्पस हुँदै मानेचौका जाने सडक स्तरोन्नति तथा कालोपत्रे को लागि ठेक्का प्रक्रिया सम्पन्न भई सम्झौताको क्रममा रहेको छ।

८. नगरपालिकाको आन्तरिक श्रोतबाट रु १ करोड २ लाखमा कार्यालयभवन सहीतको क्यान्टिन निर्माणाधिन अवस्थामा रहेको छ।

९.वडा नं. ३ मा १५ शैयाको आधारभूत अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ

# नगरपालिकामा उपभोक्ता समिति मार्फत संचालन गरिएका योजनाहरु:

- भौतिक पूर्वाधार तर्फ नगर स्तरीय र वडास्तरीय  योजना करीब २३० वटा योजना रहेकोमा उपभोक्ता समिति मार्फत संचालन हुने गरी २१९ वटा योजना सम्पन्न भई भुक्तानी भएको  छ।
- नगरपालिकाको ७० प्रतिशत र उपभोक्ताको ३० प्रतिशत लागत साझेदारीमा नगरपालिका भित्र रहेका आन्तरीक सडकहरु मध्ये ५५० मिटर सडक कालोपत्रे र ५७० मिटर सडक ढलान  सम्पन्न भएको छ।

# नगरपालिका क्षेत्रभित्र संघीय सरकारको सहयोगमा संचालन गरिएका योजनाहरुः

- सत्रसय-दुराडाँडा-तुर्लङ्कोट जाने सडक रु १ करोडमा सम्पन्न भएको छ ।
- सत्रसय-दुराडाँडा-अर्चल्यानी-दुराडाँडा वहुवर्षिय ठेक्का रु ३ करोड ८५ लाखमा सम्झौता भएको छ ।
- सुन्दरबजार नगरपालिका वडा नं २ स्थित दुई पिप्ले-सुन्तलेटार-नाउदीखोला सडकखण्ड स्तरोन्नती (कालोपत्रे) रु १ करोडमा सम्पन्न भएको छ ।
- सुन्दरबजार नगरपालिका वडा नं १० स्थित कोइरालाफाँट-धुसेनी-चौडाडा सम्मको सडकखण्ड स्तरोन्नती (कालोपत्रे तथा ढलान) रु १ करोडमा सम्पन्न भएको छ ।
- सुन्दरबजार नगरपालिका वडा नं ८ र वडा नं ९ स्थित भोटेवडार-सिँउडीबार-तार्कुकोट पर्यटन पदमार्ग स्तरोन्नती रु १ करोड मा कार्यसम्पन्न भएको छ ।

# नगरपालिका क्षेत्रभित्र प्रदेश सरकारको सहयोगमा संचालन गरिएका योजनाहरु:

- कुन्छा-परेवाडाँडा-खत्रीठाँटी सडक  निर्माण भईरहेको छ।
- भागिरथी भञ्ज्याङ्ग-सिरवानी सडक  निर्माण भईरहेको छ।
- पिरिन्तेबेशि-पाणिनी सडक  निर्माण भईरहेको छ।

# शिक्षा तर्फ

१,	स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयन भइसकेको छ ।

२,	विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी निर्देशिका पारित गरी लागु गरिएको र विद्यालय व्यवस्थापन समितिहरु गठन भइरहेका छन ।

३,	विषयगत शिक्षक समूह गठन तथा परिचालन गरिएको छ ।

४,	परीक्षा व्यवस्थापनमा प्रभावकारी सुधार गरिएको छ ।

५,	शिक्षक दरबन्दी मिलान तयार गरिएको छ ।

६,	पाठ्यक्रम प्रबोधीकरण तथा मूल्याङ्कन सम्बन्धी तालिम सञ्चालन गरी परिमार्जित पाठ्यक्रम कार्यान्वयनमा आवश्यक प्रबन्ध मिलाइएको छ ।

७,	कक्षा १ देखि ३ का प्रति विद्यार्थी १ वटा मूल्याङ्कन पुस्तिका छपाई वितरण गरिएको छ ।

८,	एकीकृत शैक्षिक सूचना प्रणालीको प्रभावकारी व्यवस्थापन गरी सबै विद्यालयको सूचना प्रणाली अद्यावधिक गरिएको छ ।

९,	राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता व्यवस्थित ढङ्गले सञ्चालन गरिएको छ ।

१०,	क्लष्टरमा आधारित प्रतिभा पहिचान कार्यक्रम सम्पन्न भएको छ ।

११,	विद्यालय निरीक्षण, कक्षा अवलोकन तथा शिक्षकको पेशागत सहयोग कार्यलाई प्रभावकारी बनाउन स्रोतव्यक्तिको व्यवस्था गरिएको छ ।

१२, २१ वटा आधारभूत विद्यालयहरुमा इन्टरनेट जडान भएका छन ।

# स्वास्थ्य तर्फ

- २ बर्ष मुनिका ८५ प्रतिशत बालबालिकालाई खोप दिइएको छ ।
- २०७९।८० को कार्यपालिकाको पहिलो निर्णय अनुसार छोरी जन्मेकोमा बैंक खातामा प्रति छोरी रु २ हजारका दरले ४१ जनाको खातामा रकम जम्मा गरिएको छ ।
- सुरक्षित प्रसुति गराउनेलाई एम्बुलेन्स खर्च २८ जनालाई प्रदान गरिएका छ ।
- यहि जेठ ३ गते नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा गरिएको छ ।
- सु.न.पा वडा नं. १ कुन्छालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको छ ।
- १३८ जना विपन्न नागरिक परिवारको निशुल्क स्वास्थ्य बिमा गरिएको छ ।

- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका ५९ जना विरामीहरुलाई मासिक रुपमा रु ५ हजारका दरले रु २३ लाख उपलब्ध गराईएको छ ।
- नेपाल स्वास्थ्य अनुसन्धान परिषदको शाखा संचालन भएको छ ।
- स्वास्थ्य क्षेत्रमा कुल ६ करोड ७१ लख १३ हजार विनियोजन भएकोमा ८९ प्रतिशत भौतिक र ९१ प्रतिशत वित्तिय प्रगती भएको छ।

# कृषि विकास तर्फ

- कृषकहरुलाई ४ सय पोका च्याउको बीउ निःशुल्क वितरण भएको छ ।
- ७५ प्रतिशत अनुदानमा १५५ बटा मौरीको खाली घार र मौरी उपकरण निःशुल्क वितरण, ७५ प्रतिशत अनुदानमा ४ बटा मह मदानी वितरण गरिएको छ ।
- आकस्मिक बाली संरक्षण कार्यक्रमबाट नगरपालिका भित्र रहेका ४९० जना कृषकले लाभ प्राप्त गरेका छन ।
- तरकारी बालीमा ५ हजार वटा मिनिकिट वितरण भएको छ ।
- ७५ प्रतिशत अनुदानमा ६५ बटा सिलपोलिन प्लाष्टिक वितरण गरिएको छ ।
- सुनपा वडा नं. ३ र ५ मा आइपिएम कृषक पाठशाला संचालन गरिएको छ । जसबाट प्रत्यक्ष रुपमा ५५ जना र अप्रत्यक्ष रुपमा ५० जना कृषक लाभान्वित भएका छन ।

- ९ वटा साना सिंचाई पूर्वाधार निर्माण भएको छ ।
- कृषकहरुलाई स्थलगत तालिम दिईएको छ ।
- ७५ प्रतिशत अनुदानमा १० बटा सिकेचर र ६ बटा स्प्रेयर वितरण भएका छन । जसबाट प्रत्यक्ष रुपमा १६ जना र अप्रत्यक्ष रुपमा ५० जना कृषक लाभान्वित भएका छन ।
- कृषिका सम्भावना र चुनौति विषयमा सरोकारवाला र विज्ञवीच अन्तरक्रिया गोष्ठी सम्पन्न भएको छ ।
- सुन्दरबजार नगरपालिकाबाट उत्पादन हुने महको ब्राण्डिङ र लेवलिङको काम भइरहेको, जसको लागि सिलिङ आइरन मेशिन वितरण भएको छ ।

- खाद्यान्न बालीको उन्नत वीउ उपयोगमा अनुदान अन्तर्गत विभिन्न उन्नत जातका ८७३२ के.जी धानको बिउ वितरण गरिएको छ ।
- ५ क्लस्टरमा संचालन गरिएको धानबाली प्रबर्धन कार्यक्रम अन्तर्गत विभिन्न जात ( जेठो बुढो मूल बिउ, जेठो बुढो उन्नत बिउ सुक्खा-२, सुक्खा-३, रामधान ,साँवा ) का १६९०५ के.जी धानको विउ, ३८ वटा स्प्रेयर, २१ मिनिटिलर, १५ वटा कमबाइन मिल, ७ वटा डिजिटल काटा, २ वटा ब्रस कटर, १५ वटा सिड बिन, १० वटा त्रिपाल र १ व्टा मिनिथ्रेसर वितरण भएको छ ।
- ५ क्लस्टरमा संचालन गरिएको तेलहन वाली प्रबर्धन कार्यक्रम अन्तर्गत ५३० के.जी उन्नती, प्रगति, विकास जातका तारीको बिउ १२० के.जी मिनीकीट, ९ वटा मिनीटिलर ४ वटा डिजिटल काँटा, ७३ वटा त्रिपाल र १९ वटा स्प्रेयर वितरण गरिएको छ । जसबाट २५५ कृषक लाभान्वित भएका छन ।
- तरकारी बाली पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइएको, किसान सूचिकरण कार्यक्रम सम्पन्न भएको छ ।

- विशेष अनुदान तर्फको कृषि उत्पादन र पशुपालन पकेट कार्यक्रम अन्तर्गत ७० प्रतिशत अनुदानमा ८२ वटा प्लाष्टिक टनेल, ५० प्रतिशत अनुदानमा २८ वटा मिनिटिलर, निशुल्क ४९०० के.जी हलेदोको बिउ, ७० प्रतिशत अनुदानमा २२० जना लाई गोला सहितको मौरीको घार वितरण गरिएको छ ।
- कृषि तर्फ १ करोड ६९ लाख विनियोजन भएकोमा ८६ प्रतिशत वित्तिय प्रगती रहेको छ ।

# पशु सेवा शाखा

- १४६७९ पशु पंक्षीको उपचार, २२१ कृत्रिम गर्भादान गरिएको छ ।
- महामारीको रुपमा फैलिएको लम्पी स्किन रोग नियन्त्रणका लागि १७५ गाई गोरुको उपचार गरिएको छ भने ८२५ गाई गारुमा रोग विरुद्धको खोप लगाईएको छ ।
- पशुको लागि ५००० सेट बहुवर्षे घाँसको विउ वितरण गरिएको छ ।
- पशुपालन तालिम, जुनोटिक रोगबारे सचेतना कार्यक्रम, बाख्रा, बंगुरका पाठा वितरण गरिएको छ
- भेटेरेनरी अस्पताल संगको समन्वयमा २६४८७ पशु चौपायाहरुमा पूर्ण खोप कार्यक्रम संचालन गरिएको छ ।
- वडा नं १० मा बाख्रा पकेट क्षेत्र विस्तार भएको छ ।
- नगरपालिका भित्रका खोला तथा नदीहरुमा ५० हजार माछाका भुरा छाडिएको छ ।

# महिला, बालबालिका तथा जेष्ठ नागरिक :

१, नगरस्तरीय बाल सञ्जाल गठन तथा परिचालन गरिएको छ ।

२, बालबालिकाका लागि क्षमता विकास, व्यक्तित्व विकास, प्रतिभा पहिचान सम्बन्धी कार्यक्रमहरु संचालन भएको छ ।

३, बाल विबाह अन्त्यका लागि अभिभावक सचेतना कार्यक्रम सम्पन्न भएका छन ।

४, नगरपालिकाको कार्यालयमा स्तनपान कक्ष निर्माण भएको छ ।

५, नगरस्तरीय जेष्ठ नागरिक समिति, जेष्ठ नागरिक परिचय पत्र, परम्परागत सीप हस्तान्तरण भएको छ । साथै जेष्ठ नागरिक सम्मान तथा भ्रमण कार्यक्रम गरिएको छ ।

६, जेष्ठ नागरिकको सीप र भोगेका विषयवस्तुलाई समेटेर पुस्तिका प्रकाशनको गर्ने तयारी गरिएको छ

७, अपाङ्गता सम्बन्धी स्थानीय समितिको बैठकहरु भइरहेको र अपाङ्गता परिचय पत्र नियमित वितरण भएको छ ।

८, अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई सीपमूलक तालिम तथा वस्तुगत अनुदान दिईएको छ ।

९, लैङ्गिक हिंसा निवारण कोष संचालन समिति गठन  भएको छ ।

१०, महिलाहरुको लागि सीप विकास तालिम, मखमलको जुत्ता चप्पल , कण्ठ बनाउने तालिम प्रदान भएको छ ।

# सामाजिक सुरक्षा तर्फः

- जेष्ठ नागरिक (७०बर्ष माथी) : २ हजार १५२
- जेष्ठ नागरिक (दलित) २ सय ५५ जना
- जेष्ठ नागरिक (एकल महिला) : २ सय ७७ जना
- विधवा भत्ता पाउने संख्या : ३ सय ६१ जना
- दलित बालबालिका : ३ सय ९२ जना रहेका छन ।

# रोजगार सेवा केन्द्र तर्फ:

- जम्मा सूचिकृत वेरोजगार संख्या ६ सय ५८ जना छन ।
- सबैभन्दा बढी बेरोजगार सुचिकृत वडा नं. ३ मा २ सय ४३ जना छन ।
- वडा नं. ९ मा बेरोजगार सुचिकृत भएका छैनन् ।
- सम्पूर्ण वडाबाट माग भए बमोजिम ५२ बटा योजनाको योजना बैंक तयार गरिएको छ ।
- सूचिकृत बेरोजगारलाई अभिमुखिकरण गरि काममा लगाई पारिश्रमीक(ज्याला) दिईएको छ ।

- हालसम्म १२ बटा योजनाको उपभोक्ता समितिसँग सम्झौता भई सम्पन्न भएको छ ।
- जम्मा ८१ जना बेरोजगरालाई कूल ६,३५१ दिनको रोजगारी उपलब्ध गराइएको छ । औशतमा ७६ दिनको रोजगारी प्रदान गरिएको छ ।
- बैदेशिक रोजगारमा जाने व्यक्तिहरुको श्रम स्वीकृति, पुनः श्रम स्वीकृति सम्बन्धी कार्यको सहजीकरण सेवा वैशाख १ गतेबाट शुरु भएको छ ।

## सहकारी

- नगरपालिका मातहतमा रहेका ५१ वटा सहकारी संस्थाहरुको तथ्याकं अध्यावधिक भई क्षमता विकास कार्यक्रम संचालन गरिएको छ ।

# विभिन्न सीप एवं रोजगारमूलक तालिमहरु :

- नगरपालिकाको सहयोगमा सु.न.पा ६ मा पन्चेबाजा बजाउने तालिम सम्पन्न भएको छ ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सि.टी.ई.भि.टी) को सहयोगमा सु.न.पा ९ मा ए.सी र फ्रिज मर्मत तालिम (६५ दिने) -२० जनालाई दिइएको छ ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सि.टी.ई.भि.टी) को सहयोगमा सु.न.पा ४ मा बेमौसमी तरकारी खेती तालिम (६० दिने)-२० जनालाई दिइएको छ ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सि.टी.ई.भि.टी) को सहयोगमा सु.न.पा १० मा बेमौसमी तरकारी खेती तालिम (६० दिने)-२० जनालाई दिइएको छ ।
- घरेलु तथा साना उद्योगको सहयोगमा सु.न.पा ४ मा ल्पम्बर तालिम (६५ दिने)-२८ जनालाई दिइएको छ ।

# अन्य कार्यहरु:

१.निःशुल्क मलामि सहीतको शववहानको व्यवस्था गरिएको छ ।

२.१७ वटा कानुन निर्माण  भएका छन भने १२ वटा कानून संसोधन भएको छ । साथै ऐन कानून संग्रह प्रकाशन भएको छ ।

३.स्थानीय सरकार संचालन ऐन २०७४ मा तोकिए बमोजिमकै समयमा २ वटा नगरसभा बैठक सम्पन्न भएका छन ।

४. १८ वटा कार्यपालिका बैठक सम्पन्न तथा अधिकांश निर्णयहरुको कार्यान्वयन भएका छन ।

५. नगरपालिका भित्र जडान गरिएका ३१ बटा सिसि क्यामेरा संचालित छन ।

६. उप प्रमुख जेहेनदार छात्रवृत्ति कार्यक्रम अन्तर्गत १० जना छात्राहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ

७. नगरपालिका भित्र व्यवसायीक रुपमा आरान व्यवसाय संचालन गर्दै आईरहेका ११ जना व्यक्तिहरुलाई आरान सुधार सामाग्री वितरण गरिएको छ ।

८. नगरपालिका अन्तर्गतका वडा कार्यालय, विषयगत शाखा र स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजीर जडान गरिएको छ ।

# आ.व २०८०/८१

- चालु आ.व २०८०/८१ को लागि चालु खर्च रु ५२ करोड ४४ लाख ३१ हजार  र पुँजीगत खर्च १९ करोड ८३ लाख ६ हजार गरी जम्मा रु ७२ करोड २७ लाख ३८ हजारको वजेट तथा कार्यक्रम तयार गरिएको छ ।
- वडागत जनसंख्या, भौगोलिक दृष्टिकोण, क्षेत्रफल र राजस्व संकलनलाई आधारमानी ११ वटा वडाहरुमा वडागत योजना निर्माणका लागि बजेट विनियोजन गरिएको छ ।
- सामाजिक विकास समिति अन्तर्गत शिक्षा, स्वास्थ्य तथा महिला, बालबालिका तथा जेष्ठ नागरिकको लागि २ करोड ७८ लाख बजेट विनियोजन गरिएको छ ।
- आर्थिक विकास समिति अन्तर्गत कृषि विकास, पशु सेवा, रोजगार सेवा केन्द्र, सहकारी, उद्यय तथा पर्यटन अन्तर्गतका योजना निर्माणका लागि ७६ लाख विनियोजन गरिएको छ ।
- पूर्वाधार समिति अन्तर्गत पूर्वाधार विकासको लागि रु २ करोड ५० लाख विनियोजन गरिएको छ ।

# नगर गौरवका योजना तथा कार्यक्रम

| सि.नं | योजना तथा कार्यक्रम | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | नगर प्रमुख उद्यमशिलता कार्यक्रम | ५०००००० | |
| २ | उप-प्रमुख महिला उद्यमी प्रबर्द्धन कार्यक्रम | ३०००००० | |
| ३ | सिढी निर्माण वडा नं २, ४ र ६ | २१००००० | |
| ४ | बहुउद्धेशिय भवन सहित City hall निर्माण | २५००००० | |
| ५ | द्यगक एबचप निर्माण | २५००००० | |
| ६ | सार्वजनिक जग्गा संरक्षण | १०००००० | |
| ७ | विपन्न नागरिक स्वास्थ्य विमा सहयोग | ५००००० | |
| ८ | आधा लागत सहभागितामा विपन्न नागरिकलाई गाई भैसी पालन अनुदान | २५००००० | |
| ९ | हाँडेटार सिंचाई आयोजना | ६०००००० | |
| १० | सिन्दुरे ढुङ्गा पार्क निर्माण | १०००००० | |
| जम्मा | | २८१००००० | दुई करोड एकासी लाख |

# संक्षेपमा सुन्दरबार नगरपालिका

क) जनगणना २०७८ का अनुसार ७१९९ घरधुरी रहेको यस न. पा. मा १२५५१ पुरुष र १४५३२ महिला गरी जम्मा २७०४३ जनसंख्या रहेको छ ।

ख) १४ कि मि पक्कि कालोपत्रे, ६० कि मि ग्राभेल तथा १२० कि मि निर्माणाधिन कच्चि सडकखण्डहरुले यस न. पा. का बिभिन्न स्थानहरुलाई एकअर्कासँग जोडेका छन् ।

ग) नगर अस्पतालका रुपमा १५ शैय्याको सुन्दरबजार अस्पताल संचालनमा छ । अस्पतालको रुपमा स्तरोन्नति हुदै गरेको चन्द्रेश्वर स्वास्थ्य केन्द्रका अलावा १५-१५ शैय्याका दुईवटा नीजि अस्पताल, १ वटा सामुदायिक अस्पताल, ७ वटा हेल्थपोष्ट, २ वटा आयुर्वेद केन्द्र र ४ वटा शहरी स्वास्थ्य केन्द्र गरी १८ वटा स्वास्थ्य संस्थाले यस न. पा. मा आधारभूत तथा प्राथमिक स्वास्थ्य सेवा प्रदान गरिरहेका छन

घ) २६ प्राथमिक विद्यालय, ३ आधारभूत विद्यालय १४ माध्यमिक विद्यालय, CTEVT बाट अनुमति लिई डिप्लोमा तह अध्ययन हुने शिक्षालय ४ वटा प्राविधिक विद्यालय तथा  स्नातक तहसम्म अध्ययन अध्यापन हुने ४ वटा सामुदायिक तथा ९ वटा माध्यमिक तहसम्म अध्ययन अध्यापन हुने नीजि शिक्षण संस्था छन । कृषि तथा वन विज्ञान वि. वि अन्तरगतको लमजुङ कृषि क्याम्पस मूख्य क्याम्पसको रुपमा संचालनमा रहेको छ ।

ङ)यस नगरपालिकामा शत प्रतिशत घरधुरीमा विद्युत सेवा र सम्पूर्ण भौगोलिक क्षेत्रमा मोबाईल सेवा उपलब्ध रहेको छ ।

च) दुई वटा इलाका हुलाक कार्यालय तथा एक अतिरिक्त हुलाक कार्यालय गरी ३ वटा हुलाक सेवा प्रदान गर्ने कार्यालयहरु छन । यहाँ २ वटा सरकारी बैक  र ७ वटा नीजि बैक र ५१ वटा सहकारीले वित्तिय सेवा प्रदान गरिरहेका छन् ।

छ)नगरपालिकाको आफ्नै स्वामित्वमा रहेको पक्कि भवनबाट सेवा प्रदान गर्दै आईरहेको छ । नगरपाललिका मातहतका विषयगत शाखाहरु मध्ये स्वास्थ्य शाखाले आफ्नै पक्कि भवनबाट सेवा प्रदान गरेको छ भने ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजनाको सहयोगमा पशु सेवा र कृषि विकास शाखाको लागि रु २ करोडमा पक्की भवन निर्माणको लागि ठेक्का प्रक्रिया सम्पन्न भई कार्य प्रक्रिया सुरु भएको छ ।

ज) नगरपालिका भित्रका ११ वटा वडाहरुले आफ्नै पक्कि भवनबाट सेवा प्रदान गर्दै आईरहको छन । सबै वडा कार्यालयमा विद्युत ब्याक अप, फाइबर ईन्टरनेट जडान भएको छ भने वडा नं १, वडा नं २ र वडा नं ३ मा डिजिटल नागरिक बडापत्र जडान गरिएको छ ।

झ) नगरपालिकामा ३ वटा चारपाङ्ग्रे सवारी साधन, १ वटा बस , १ वटा ब्याक हो लोडर र २६ वटा मोटरसाईकल रहेका छन ।

# फोटोहरु

७०-३० लागत साझेदारीमा सडक कालोपत्रे (सु.न.पा ७)



७०-३० लागत साझेदारीमा सडक ढलान (सु.न.पा ३)



# विशेष अनुदान अन्तर्गत कृषि उत्पादन र पशुपालन पकेट कार्यक्रमबाट सु.न.पा वडा नं ३, वडा नं १० र वडा नं ११ का कृषकलाई प्लाष्टिक टनेल र बाख्रा वितरण





# सुन्दरबजार नगरपालिका भित्रका कृषकहरुलाई हाते ट्र्याक्टर वितरण






# सु.न.पा ६ मा निर्मित कृषि उपज संकलन केन्द्र



# कार्यालय परिसरमा निर्माण गरिएको कोसेली घर



# लम्पी स्किन रोग विरुद्धको खोप तथा उपचार





# आरान व्यवसायीहरुलाई आरान सुधार सामाग्री वितरण





# जेहेनदार छात्राहरुलाई छात्रवृत्ति प्रदान





# शैक्षिक सामाग्री प्रदर्शनी




